आज मिति २०७४।०९।२३ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री लेखराम थारु | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय:-

नं. १. २०७४ साल श्रावण २७ गते राती आएको वर्षाको कारणले बाढी आई यस गाउपालिकाको अधिकाँस भू भाग डुवानमा परी सडकहरु क्षेती भएकोले उक्त सडकहरुलाई तुरुन्त मर्मत नगरे आवत जावतमा असुविधा हुने र राहत वितरणमा समेत कठिनाई उत्पन्न हुने देखिई गाउपालिका अध्यक्ष ज्यू को मौखिक निर्देशन बमोजिम वडा कार्यालयहरुबाट तत्काल मर्मत संभार गरी वडा समितिको निर्णय बमोजिम रकम भूक्तानी गरिएका सम्पूर्ण सडक मर्मत सम्भारको भूक्तानी रकम समर्थन गर्ने निर्णय गरियो ।

नं. २. गाउ शिक्षा समतिबाट यस गाउपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुको अनुगमन गर्ने कार्यक्रम रहेको र विद्यालय अनुगमन गर्दा लाग्ने खर्च उपलब्ध गराई दिन भनी गाउ शिक्षा समितिका अध्यक्ष तथा गाउपालिका अध्यक्ष बाट प्रस्ताव राखेको हुँदा विद्यालय अनुगमनका लागी लाग्ने खर्च अनुगमन शिर्षक बाटा उपलब्ध गराउने निर्णय गरियो ।

नं. ३. सिचाई कुलो मर्मत सम्भार को बजेट नछुट्याएको र हाल सिचाई कुलो मर्मतको लागी किसानबाट माग आएकोले पूजिगत सुधार खर्च सार्वजनिक निर्माण ( गाउपालिका स्तरीय) को लागी छुट्याइएको बजेटबाट रु. २५०००००। पच्चीस लाख पछि सिचाई कुलोको मर्मत सम्भारको बाँड फाँट गर्ने गरी बजेट छुट्याउने निर्णय गरियो

नं. ४. राप्ती सोनारी ५ विनौनाको भुवर भवानी मा.वि. लाई विद्यालयको भवन (सटर) निर्माणको लागी पूजिगत सुधार खर्च सार्वजनिक निर्माण (गाउपालिका स्तरीय) बाट रु. १२०००००। बार लाख दिने निर्णय गरियो ।

नं. ५. थारुहरुको महान चाड माघी पर्व मनाउनको लागी थारु गोचाली समाज वडा नं. ६ फत्येपुर लाई धर्म संस्कृति संरक्षण प्रवर्द्धन विषेश मन्दिर चर्च थान शिर्षक बाट रु. २५०००। पच्चिस हजार दिने निर्णय गरियो ।